फिदिम नगरपालिका
नगरकार्यपालिकाको कार्यालय,
(सहकारी शाखा)
फिदिम, पाँचथर

"फिदिम नगर, समृद्ध शहर "
१ नं. प्रदेश नेपाल

प.सं. २०७८/०७९
च.नं. ९६२

मिति : २०७८/०४/१३

फिदिम नगरपालिका नगरकार्यपालिकाको कार्यालय फिदिम, पाँचथर १ नं. प्रदेश, नेपाल

**साधारण सभा सञ्चालन सम्बन्धमा फिदिम नगरपालिकाको नियमन क्षेत्रमा पर्ने सबै सहकारी संस्थाहरुलाई**
**अत्यन्त जरुरी सूचना**

प्रस्तुत विषयमा प्रचलित सहकारी ऐन नियम अनुरुप सहकारी संस्थाहरुले प्रत्येक आर्थिक बर्ष समाप्त भएको ३ महिना भित्र गतवर्षको आर्थिक कारोबारको लेखापरीक्षण गराउनु पर्ने र आर्थिक बर्ष शुरु भएको ६ महिना भित्र वार्षिक साधारण सभा सम्पन्न गर्नु पर्ने व्यवस्था रहेको व्यहोरा विदितै छ । सहकारी संस्थाको साधारण सभा सदस्यहरुको प्रत्यक्ष सहभागीतामा कूल सदस्य संख्याको बहुमत उपस्थितिलाई गणपूरक संख्या मानी सम्पन्न गर्नु पर्ने तथा निश्चित संख्या भन्दा बढी सदस्य भएका संस्थाहरुका हकमा निश्चित कार्यविधि पूरा गरी प्रतिनिधिमूलक साधारण सभा सम्पन्न गर्न सकिने व्यहोरा विदितै छ । हाल कोरोना महामारीको संक्रमण रहेको अवस्थामा सबै सदस्यहरु भेला भै एकै ठाउँमा साधारण सभा सम्पन्न गर्ने अवस्था नरहेको तथा साधारण सभा पनि समयमा सम्पन्न गर्नु पर्ने अवस्था रहेकोमा सदस्यको सहभागिता र सर्वोच्चता कायम रहने गरि तोकिएको स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड अपनाएर २०७८ पौष मसान्त भित्रै साधारण सभा सम्पन्न गरी लेखापरीक्षण प्रतिवेदन सहितको साधारण सभाबाट पारित भएको बार्षिक प्रतिवेदन साधारण सभा सम्पन्न भएको मितिले ३० दिन भित्र यस कार्यालयमा पेश गर्ने व्यवस्था मिलाउन अनुरोध गरिन्छ ।

**निम्न**

१.सहकारी ऐन २०७४ को दफा ७५ बमोजिम २०७७।०७८ को लेखा परिक्षण २०७८ असोज मसान्त भित्र ऐनद्वारा निर्धारित प्रक्रिया पूरा गरी अनिवार्य रुपमा सबै सहकारी संस्थाहरुले सम्पन्न गर्ने ।

२.सहकारी ऐन २०७४ को दफा ४०(५) बमोजिम प्रतिनिधिमूलक साधारण सभा गर्ने प्रयोजनका लागि आफ्नो कार्यक्षेत्र भित्रका सदस्यहरुलाई टोलगत रुपमा समूह बनाई सदस्यहरुको एकाई बनाउने । यसरी समूह निर्माण गर्दा तोकिएको स्वास्थ्य सम्बन्धी मापदण्ड पूरा गर्ने तथा सम्बन्धित निकायको पूर्व स्वीकृति लिने लगायतका सम्पूर्ण कार्यहरु गर्ने जिम्मेवारी सम्बन्धित संस्थाको नै हुने छ ।

३.साधारण सभामा छलफल हुने एजेण्डाहरु सहितको प्रतिवेदन साधारण सभा शुरु हुनु भन्दा कम्तिमा ३ दिन अगाडी प्रत्येक एकाईका सदस्यहरुले प्राप्त गर्ने गरीवितरण गर्ने व्यवस्था मिलाउने ।

४.तोकिएको स्वास्थ्य मापदण्ड भित्र रहि प्रत्येक एकाईका बहुमत सदस्यहरुको उपस्थितिमा प्रत्येक एकाईमा साधारण सभाको कार्यसूचीमा रहेका एजेण्डाहरु माथि छलफल गरी सर्वसम्मत वा बहुमतबाट पारित गर्ने ।

५.सि.न.४ बमोजिम प्रत्येक एकाईको बैठकबाट साधारण सभाको एजेण्डाहरु पारित गरे सँगै निर्णय प्रमाणित गर्नका लागि कम्तिमा ३ जना प्रतिनिधि सदस्यहरु बैठकबाट सर्वसम्मत वा बहुमतबाट चयन गर्ने । यसरी प्रतिनिधि चयन गर्दा एजेण्डा नै राखी प्रतिनिधिको नाम सहित निर्णय भएको हुनु पर्ने छ  तथा सो बैठकमा उपस्थित नभएको सदस्यलाई प्रतिनिधि चयन गर्न पाइने छैन । प्रत्येक एकाईको बैठकमा संचालक समिति तथा लेखा समितिका पदाधिकारीहरुको संभव भएसम्म सबै वा उपयुक्त प्रतिनिधित्व हुनु अनिवार्य छ ।

प्रमुख प्रशासकिय अधिकृत
क.सं.नं.-११२६६२

फोन नं. ०२४-५२०१०७, ०२४-५२११०८ फ्याक्स ०२४- ५२१००८
ईमेल: phidim.municipality@gmail.com,
वेबसाइट: https://www.phidimmun.gov.np

फिदिम नगरपालिका
नगरकार्यपालिकाको कार्यालय,
(सहकारी शाखा)
फिदिम पाँचथर

"फिदिम नगर, समृद्ध शहर "
१ नं. प्रदेश नेपाल

६.सि.न. ५ बमोजिम प्रत्येक एकाईमा बसेको बैठकको निर्णय सोही बैठकबाट संचालक समितिको संख्या भन्दा दोब्बर संख्या हुने गरी छानिएका प्रतिनिधिहरु र अध्यक्षता गर्ने व्यक्तिले प्रत्येक पानामा दस्तखत गरी प्रमाणित गर्न पर्ने छ। यसरी प्रतिनिधि चयन गर्दा एजेण्डा नै राखी प्रतिनिधिको नाम सहित निर्णय भएको हुनु पर्नेछ तथा सो बैठकमा उपस्थित नभएको सदस्यलाई प्रतिनिधि चयन गर्न पाईनेछैन।

७.सि.न. ५ बमोजिम छनौट भएका प्रतिनिधिहरु संचालक समितिको कूल संख्या भन्दा एक जना बढीसम्म भएमा एकाईगत रुपमा बैठक सम्पन्न भएको ७ दिन भित्र साधारण सभाको निर्णयको एकिकृत अभिलेख बनाई छनौट भएका सदस्य प्रतिनिधिहरुले र संचालक समितिका सबै पदाधिकारीहरुले प्रत्येक पानामा सही छाप गरी प्रमाणित गर्ने। यसरी निर्णय प्रमाणित गर्दा सदस्य प्रतिनिधिहरु तथा संचालकहरुले एकाईमा रहेका सदस्यहरुको धारणाको न्यायोचित रुपमा प्रतिनिधित्व गर्नु पर्ने छ।

८.सि.न. ५ बमोजिम छनौट भएका प्रतिनिधिहरु संचालक समितिको दोब्बर संख्या भन्दा बढी भई सबै भेला भई निर्णय प्रमाणित गर्न कठिनाई भएमा छनौट भएका प्रतिनिधिहरुको बहुमत उपस्थितिमा प्रतिनिधिहरुको पुनः बैठक बसी संचालक समितिको संख्या भन्दा एक जना बढी हुने गरी प्रतिनिधि छनौट गर्ने र सि.न. ७ बमोजिम साधारण सभाको निर्णय घोषणा गर्ने।

९.चालु आ.व. कै साधारण सभाबाट सहकारी संस्थाहरुको संचालक समितिको निर्वाचन गर्नु पर्ने भएमा एकाई बैठक शुरु हुनु अघिनै संचालक समितिको निर्णयबाट निर्वाचन उपसमिति गठन गरी निर्वाचनका प्रक्रियाहरु पूरा गरी उम्मेरद्वारहरुको नामावली सबै एकाई बैठकमा लगि सदस्यहरुबाट उपयुक्त र प्रजातान्त्रिक विधि अपनाई मत संकलन गर्ने र सबै एकाईबाट बैठकमा लगि सदस्यहरुबाट उपयुक्त र प्रजातान्त्रिक विधि अपनाई मत संकलन गर्ने र सबै एकाईबाट प्राप्त मतको आधारमा कुल मत संख्या गणना गरी निर्बाचन परिणाम घोषणा गर्ने।

१०.साधारण सभाको निर्णय लेखन गर्दा कार्य सूचीमा राखी छलफल भएका एजेण्डाहरुमा भएका सबै निर्णयहरु बुँदागत रुपमा अनिवार्य रुपमा लेखन गरिएको हुनु पर्नेछ।

११.प्रत्येक एकाई बैठकमा सदस्यहरु उपस्थित भएको कार्यसूचीमा रहेका एजेण्डाहरु पारित भई निर्णय लेखी छनौट भएका प्रतिनिधिहरुले प्रमाणित गरेको सक्कलै विवरण संकलन गरी सम्बन्धित संस्थाले अभिलेख राख्नु पर्ने छ र सो को प्रमाणित प्रतिलिपी यस कार्यालयमा समेत अनिवार्य रुपमा पेश गर्नु पर्ने छ।

१२.प्रतिनिधिमूलक साधारण सभा सम्पन्न गर्दा अपनाउनु पर्ने अन्य प्रक्रिया प्रचलित ऐन नियम मापदण्ड र संस्थाको विनियम बमोजिम हुने।

.........................

अम्बिका प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत
क.सं.नं.-११२६६२